**आकाशवाणी**

**February 12th, 2025**

**Wednesday**

**प्रमुख समाचार:**

१. प्रधानमन्त्री नरेन्द्र मोदी र फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोनद्वारा आज दिउँसो ऐतिहासिक फ्रान्सेली शहर मार्सेलीमा भारतको पहिलो वाणिज्य दूतावासको संयुक्त रूपमा उद्घाटन

२. सन्त रविदास जयन्तीको उपलक्ष्यमा राष्ट्रपति, उपराष्ट्रपति र प्रधानमन्त्रीद्वारा शुभकामना व्यक्त

३. माघ पूर्णिमाको अवसरमा एक करोड ५९ लाखभन्दा बढी भक्तजनले महाकुम्भमा पवित्र स्नान गरे

४. भारत चीनको चेङ्दुमा भएको ब्याडमिन्टन एसिया मिश्रित टोली च्याम्पियनसिपको क्वार्टरफाइनलमा पुग्न सफल

५. अनि भारत र इङ्ल्यान्डबीचको तीन एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेट खेलको शृङ्खलाको अन्तिम खेल अहमदाबादमा खेलिँदै

**1. PM- Marseille**

प्रधानमन्त्री नरेन्द्र मोदी र फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोनले आज दिउँसो ऐतिहासिक फ्रान्सेली शहर मार्सेलीमा पहिलो भारतीय वाणिज्य दूतावासको संयुक्त रूपमा उद्घाटन गर्नुभयो। यसअघि दुवै नेताले सहरमा रहेका भारतीय समुदायका सदस्यहरूसँग कुराकानी गर्नुभएको थियो। श्री मोदी र फ्रान्सेली राष्ट्रपति म्याक्रोन पेरिसमा उच्चस्तरीय कार्यक्रम पश्चात् आज बिहान मार्सेली आइपुग्नुभएको हो। मार्सेलीमा रहेको भारतीय समुदायले उहाँको आगमनमा न्यानो र उत्साहजनक स्वागत गरेको थियो। आफ्नो भ्रमणका क्रममा प्रधानमन्त्री मोदीले फ्रान्सको सबैभन्दा ठूलो बन्दरगाह र भूमध्यसागरको तेस्रो ठूलो बन्दरगाह मार्सेली पोर्टको भ्रमण गर्ने अपेक्षा गरिएको छ। फ्रान्सको भ्रमण सकेर प्रधानमन्त्री मोदी राष्ट्रपति डोनाल्ड ट्रम्पको निमन्त्रणामा दुई दिने अमेरिका भ्रमणका लागि प्रस्थान गर्ने कार्यसूचि रहेको छ।

**2. MEA Briefing**

विदेश सचिव विक्रम मिश्रीले आज प्रधानमन्त्री नरेन्द्र मोदी र फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोनले युरोप, पश्चिम एसिया र हिन्द-प्रशान्तमा हालैका भूराजनीतिक घटनाक्रमका बारेमा विचार आदानप्रदान गरेको बताउनुभएको छ। उहाँले मार्सेलीमा सञ्चारकर्मीलाई जानकारी दिँदै नेताहरुबीच विश्व र क्षेत्रीय महत्वका धेरै विषयमा छलफल भएको बताउनुभयो।

**3. PM - AI**

प्रधानमन्त्री नरेन्द्र मोदीले आर्टिफिसियल इन्टेलिजेन्स एआईमा भारतले उल्लेखनीय प्रगति गरिरहेको बताउनुभएको छ। श्री मोदीले विश्वलाई भारतमा लगानी गर्न र भारतको युवा शक्तिमा विश्वास गर्न आग्रह गर्नुभयो। पेरिसमा भएको एआई एक्सन समिटमा गुगलका सीईओ सुन्दर पिचाईसँगको भेटपछि प्रधानमन्त्रीले यस्तो टिप्पणी गर्नुभएको हो। श्री पिचाईले यो भेटलाई आशाजनक भन्नुभएको छ।

**४. VP- Maldives Delegation**

माल्दिभ्स पिपुल्स मजलिसका सभामुख अब्दुल रहिम अब्दुल्लाको नेतृत्वमा रहेको माल्दिभ्सको संसदीय प्रतिनिधिमण्डलले आज नयाँ दिल्लीमा उपराष्ट्रपति जगदीप धनखरसँग भेट गरेको छ। भेटमा भारत र माल्दिभ्सबीचको द्विपक्षीय सम्बन्धका विभिन्न पक्षमा छलफल भएको थियो।

**4. Hardeep Puri- IEW**

पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्री हरदीप सिंह पुरीले सन् २०५० सम्ममा विश्वव्यापी ऊर्जा खपतमा भारतको हिस्सा झण्डै दोब्बर हुने अपेक्षा गरिएको बताउनुभएको छ। यसले ऊर्जा व्यापारमा रणनीतिक प्रभावलाई बलियो बनाउनेछ। श्री पुरीले विश्वको १७ प्रतिशत जनसंख्या भएको भारत तेस्रो ठूलो तेल उपभोक्ता र चौथो ठूलो ऊर्जा आयातकर्ता भएको बताउनुभयो।

**5. Giriraj Bharat Tex Launch**

भारतको सबैभन्दा ठूलो विश्वव्यापी कपडा महोत्सव भारत टेक्स २०२५ आज ग्रेटर नोएडाको भारत एक्सपो मार्टमा सुरु भएको छ। प्रदर्शनीको उद्घाटन कपडा मन्त्री गिरिराज सिंहले गर्नुभएको हो। उद्घाटन समारोहलाई सम्बोधन गर्दै श्री सिंहले प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा भएको भारत टेक्स समारोहमा ६ हजारभन्दा बढी विदेशी खरिदकर्ता सहभागी भएको बताउनुभयो।

## 6. Union Budget - Sonowal

केन्द्रीय बन्दरगाह, जहाज र जलमार्ग मन्त्री सर्वानन्द सोनोवालले भारत 2029 सम्म विश्वको तेस्रो ठूलो अर्थतन्त्र बन्ने बताउनुभएको छ। अगरतलामा केन्द्रीय बजेट 2025-26 मा एक पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै श्री सोनोवालले प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा सरकारको नीति र कार्यक्रमले देशका जनताको सामाजिक-आर्थिक स्थितिलाई उकासेको बताउनुभयो।

## 7. Ravidas Jayanti

आज सन्त रविदासको जन्मजयन्ती देशभर मनाइँदैछ । उहाँ 14 औं शताब्दीका एक महान संत हुनुहुन्थ्यो। यस अवसरमा राष्ट्रपति, उपराष्ट्रपति र प्रधानमन्त्रीले देशवासीलाई शुभकामना दिनुभएको छ। राष्ट्रपति द्रौपदी मुर्मुले गुरु रविदास जीको शिक्षालाई आत्मसात गरी समृद्ध र विकसित राष्ट्र निर्माणमा योगदान पुर्‍याउन सबैलाई आह्वान गर्नुभएको छ ।

## 8. J & K Encounter

जम्मू कश्मीरको नियन्त्रण रेखा नजिकै भएको आईईडी विस्फोटमा दुई सैनिक मारिएका छन्। तीमध्ये एक सेनाका क्याप्टेन पनि रहेका छन्। हिजो अखनूर सेक्टरको लालेली क्षेत्रमा गस्तीको क्रममा आईईडी विस्फोट हुँदा दुई सैनिकको मृत्यु भएको थियो।

## 9. Mahakumbh

अब महाकुम्भको प्रसङ्गः माघ पूर्णिमाका अवसरमा आज प्रयागराजको महाकुम्भमा दिउँसो १२ बजेसम्म एक करोड ५९ लाखभन्दा बढी भक्तजनले संगममा स्नान गरेका छन् । यस दिन गंगा, यमुना र सरस्वतीको संगममा स्नान गर्नु शुभ मानिन्छ। यसलाई कल्पबास गर्ने विशेष अनुष्ठानको अन्त्य पनि मानिन्छ। यस महान् पर्वमा १० लाखभन्दा बढी कल्पवासी सहभागी हुने अपेक्षा गरिएको छ। अहिलेसम्म करिब ४७ करोड ५५ लाख भक्तजनले स्नान गरेका छन्।

## 10. Deepika - PPC

चर्चित चलचित्र अभिनेत्री दीपिका पादुकोणले आज विद्यार्थीहरूलाई असफलताको डर नराखी आफ्नो शक्तिमा ध्यान केन्द्रित गर्न र आफ्ना कमजोरीहरूलाई जित्न आग्रह गर्नुभएको छ।

सुश्री पादुकोण आज परीक्षा पे चर्चा-२०२५ को दोस्रो भागमा विद्यार्थीहरूसँग अन्तरक्रिया गर्दै हुनुहुन्थ्यो।

## 11. Sports News

भारत र इंग्ल्याण्डबीचको तीन एकदिवसीय **अन्तर्राष्ट्रिय क्रिकेट शृंखलाको** अन्तिम खेल आज अहमदाबादमा हुँदैछ । इंग्ल्याण्डले टस जितेर पहिले बलिङ गर्ने निर्णय गरेको छ । पछिल्लो समाचार प्राप्त हुँदासम्म इङ्ल्यान्डले ........19........ ओभरमा ........129........ रन बनाएको छ । जितका लागि ३५७ रनको लक्ष्य दिइएको छ । **ब्याडमिन्टन एसिया मिश्रित टिम च्याम्पियनसिपमा** भारतले आज चीनको चेङ्दुमा मकाउलाई पराजित गर्दै आफ्नो अभियान सुरु गरेको छ **। महिला एकलमा** मालविका बन्सोडले हाओ वाइ चानलाई पराजित गरिन्। **पुरुष युगलमा** एम.आर अर्जुन र चिराग शेट्टीले चिन पोन पुई र कोक वेन वोङलाई हराए। **महिला युगलमा** ट्रिसा जोली र गायत्री गोपीचन्दको जोडीले चिनियाँ जोडी एनजी वेङ ची र पुई ची वालाई पराजित गरिन्। यो जितसँगै भारतले क्वाटरफाइनलमा स्थान पक्का गरेको छ । **उत्तराखण्डमा जारी ३८औं राष्ट्रिय खेलकुदमा** महिला हाई जम्पमा हरियाणाकी पूजाले राष्ट्रिय खेलकुदको कीर्तिमान तोडेर स्वर्ण पदक हात पारेकी छिन्। हाल पदक तालिकामा सर्विसेज पहिलो, महाराष्ट्र दोस्रो अनि कर्नाटक तेस्रो स्थानमा छ।

**प्रमुख समाचार पुन: एकपटक**

१. प्रधानमन्त्री नरेन्द्र मोदी र फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोनद्वारा आज दिउँसो ऐतिहासिक फ्रान्सेली शहर मार्सेलीमा भारतको पहिलो वाणिज्य दूतावासको संयुक्त रूपमा उद्घाटन

२. सन्त रविदास जयन्तीको उपलक्ष्यमा राष्ट्रपति, उपराष्ट्रपति र प्रधानमन्त्रीद्वारा शुभकामना व्यक्त

३. माघ पूर्णिमाको अवसरमा एक करोड ५९ लाखभन्दा बढी भक्तजनले महाकुम्भमा पवित्र स्नान गरे

४. भारत चीनको चेङ्दुमा भएको ब्याडमिन्टन एसिया मिश्रित टोली च्याम्पियनसिपको क्वार्टरफाइनलमा पुग्न सफल

**५.** अनि भारत र इङ्ल्यान्डबीचको तीन एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेट खेलको शृङ्खलाको अन्तिम खेल अहमदाबादमा खेलिँदै